निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref:

मिति: २०८३ असोज ३० गते

# प्रेस विज्ञप्ति

## अन्तिम मतदाता नामावली प्रकाशन गरिएको सम्बन्धमा

निर्वाचन आयोगले मतदाता नामावलीमा नयाँ नाम दर्ता तथा अद्यावधिकसम्बन्धी कार्य सम्पन्न गरी आज मिति २०८३ असोज ३० गते अन्तिम मतदाता नामावली प्रकाशन गर्ने निर्णय गरेको छ।

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा कायम रहेको अन्तिम मतदाता नामावलीमा महिला ९२ लाख ४० हजार १३१, पुरुष ९६ लाख ६३ हजार ३५८ र अन्य २०० गरी कुल १ करोड ८९ लाख ३ हजार ६८९ मतदाता रहेका थिए। उक्त निर्वाचन सम्पन्न पश्चात आयोगले मिति २०८२ चैत २२ गतेदेखि नियमित रूपमा मतदाता नामावलीमा नाम दर्ता गर्ने, विवरणमा रहेका त्रुटि सच्याउने, ठेगाना स्थानान्तरण गर्ने तथा मृत्यु भएका मतदाताको नाम हटाउनेलगायतका कार्य सञ्चालन गर्दै आएको थियो।

यसै क्रममा आयोगको मिति २०८३ साउन १५ गतेको निर्णयबमोजिम मिति २०८३ भदौ १५ गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गराएका तथा सोही मितिसम्म १८ वर्ष उमेर पूरा गरेका व्यक्तिहरूलाई समावेश गरी मिति २०८३ असोज १ गते अद्यावधिक प्रयोजनका लागि प्रारम्भिक मतदाता नामावली प्रकाशन गरिएको थियो। प्रारम्भिक मतदाता नामावलीमा महिला ९४ लाख २७ हजार ६५०, पुरुष ९८ लाख ६७ हजार ९० र अन्य २२१ गरी कुल १ करोड ९२ लाख ९४ हजार ९६१ जनाको विवरण समावेश रहेको थियो।

मिति २०८२ चैत २२ देखि २०८३ भदौ १५ गतेसम्मको अवधिमा १८ वर्ष उमेर पूरा गरेका जम्मा ४ लाख ३० हजार ३५२ जनाको नाम नामावलीमा समावेश गरी नियमित अद्यावधिक प्रक्रियाबाट (मृत्यू, दोहोरो नाम, नागरिकता त्याग/रद्द आदी) ३९ हजार ८० जनाको नाम हटाइएको थियो। जसबाट प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा कायम अन्तिम मतदाता नामावलीमा खुद ३ लाख ९१ हजार २७२ मतदाताको नाम थप गरी मिति २०८३ असोज १ गते प्रारम्भिक मतदाता नामावली प्रकाशन गरिएको थियो ।


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref:

अद्यावधिक प्रयोजनका प्रकाशित प्रारम्भिक मतदाता नामावलीउपर प्रचलित कानुनबमोजिम दाबीविरोध तथा विवरणको जाँचबुझ गरी आवश्यक संशोधन र अद्यावधिकका कार्य सम्पन्न गरिएको छ। सो क्रममा मृत्यु भएका ४५ हजार ३२२ जना मतदाताको नाम हटाइएको छ भने दोहोरो नाम समावेश भएको, नागरिकता त्याग गरेको वा रद्द भएको तथा दाबी विरोधलगायतका कारणबाट थप १ लाख ५८ हजार २६४ जनाको नाम हटाइएको छ। यसरी प्रारम्भिक मतदाता नामावलीबाट जम्मा २ लाख ३ हजार ५८६ जनाको नाम हटाई अन्तिम मतदाता नामावलीमा कुल १ करोड ९० लाख ९१ हजार ३७५ जना मतदाता कायम भएका छन्।

उक्त बमोजिम अन्तिम मतदाता नामावलीमा कायम मतदातामध्ये पुरुष ९७ लाख ६९ हजार ८२५, महिला ९३ लाख २१ हजार ३३६ र अन्य २१४ जना रहेका छन्। अघिल्लो प्रतिनिधि सभा सदस्य निर्वाचनमा कायम मतदाता सङ्ख्याको तुलनामा हालको अन्तिम मतदाता नामावलीमा कुल १ लाख ८७ हजार ६८६ जना मतदाता वृद्धि भएका छन्।

अन्तिम मतदाता नामावलीलाई सर्वसाधारणको सहज पहुँचमा पुऱ्याउने उद्देश्यले आयोगको आधिकारिक वेबसाइट www.election.gov.np मा प्रकाशन गरिएको छ । सातै प्रदेशगत, जिल्लागत, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्रगत, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रगत तथा स्थानीय तहगत मतदाता सङ्ख्यात्मक विवरणसमेत आयोगको वेवसाइटमा सार्वजनिक गरिएको छ ।

(राजेन्द्र कुमार के.सी.)
सहसचिव

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np